## नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि., पुतलीसडक, काठमाडौंलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे

# नेपाल राष्ट्र बैंकको सूचना

नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड, पुतलीसडक, काठमाडौंको मूल्याङ्कन लेखापरीक्षण प्रतिवेदन र सो प्रतिवेदन बमोजिम समायोजन सहित प्रस्तुत गरिएको २०६८ बैशाख महिनाको वित्तीय विवरणको आधारमा संस्थाको कुल संचित नोक्सानी रु.३,७०,५०,५३ हजार रहेको । संस्थाको नेटवर्थ रु. १.५९ अर्वले ऋणात्मक रहेको, खराब कर्जा ५६.९८ प्रतिशत रहेको । साथै, उक्त विवरणका आधारमा गणना गर्दा संस्थाको पुँजीकोष अनुपात ५९.१४ प्रतिशतले ऋणात्मक हुने देखिएको, कुल निक्षेपमा रु.७८.०६ करोड लेखाङ्कन नभएको निक्षेप रहेको । संस्थाको २०६८ कार्तिक मसान्तको अपरिष्कृत वित्तीय विवरणबाट पनि संस्थाको संचित नोक्सानी रु.२,२७,२१,४९ हजार रहेको र पुँजीकोष ५.७३ प्रतिशतले ऋणात्मक रहेको पाइनुको साथै संस्थाको वित्तीय अवस्था थप कमजोर भएको देखिएको । यस प्रकार संस्थाको पुँजीकोष ऋणात्मक हुनुको साथै वित्तीय स्थिति थप कमजोर हुदै गएको र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(ख).मा वाणिज्य बैंक वा वित्तीय संस्था समस्याग्रस्त घोषणा गरिने विभिन्न अवस्था तोकिएकोमा संस्थामा सो अनुसारको अवस्था विद्यमान रहेको देखिएकोले बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को (ङ) तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(ख) बमोजिम उक्त संस्थालाई मिति २०६८।९।२९ देखि समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(ग) अनुसार समस्याग्रस्त घोषणा भएको मितिदेखि ६ महिना भित्रमा पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु दिइएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्देशनहरु**

(क) यस बैंकको निर्देशन वमोजिम पुँजीकोष कायम गर्न ।

(ख) निक्षेप संकलन एवम् नवीकरण नगर्न ।

(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न ।

(घ) भाका म्याद पुगेका एवं फिर्ता भुक्तानी गर्नु पर्ने निक्षेप फिर्ता गर्न ।

(ङ) नयाँ शाखा नखोल्न ।

(च) यस बैंकको स्वीकृति बिना स्थिर सम्पत्ति खरिद तथा बिक्री नगर्न ।

(छ) संचालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।

(ज) यस बैंकको स्वीकृति विना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।

(झ) निष्कृय कर्जाको अनुपात बढीमा ५ प्रतिशतमा ल्याउन ।

(ञ) लाभांश वितरण नगर्न ।

(ट) संस्थागत सुशाासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।

(ठ) प्रतिदिन प्रति खाता रु. दुई लाखभन्दा बढीको निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिन ।